बबई राजपत्र

बबई गाउंपालिकाद्वारा प्रकाशित

खण्ड : १) बबई, दाङ, (संख्या : ४ मिति : २०७६/१२/२९


भाग-१

# बबइ गाउपालिका

## बबइ गाउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावना** : नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकारक्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बबइ गाउपालिकाको **गाउसभाको मिति २०७४।१२।०८ को निर्णयले** यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम बबइ गाउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन बबइ गाउपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ।

**२. परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बबइ गाउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बबइ गाउपालीका गाउ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउपालिका" भन्नाले बबइ गाउपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको गाउसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउपालिकालाई तोकिएको अधिकारक्षेत्र भित्रका विषयमा तोकिएको कार्य/जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बबइ गाउपालीका गाउकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधिनमा रही बबइ गाउपालीका गाउ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,

भीष्म कुमार मल्ल
प्रमुख प्रशासकीय अधिकृत